# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय (OFFICE OF MUNICIPAL EXECUTIVE)

बागमती प्रदेश, नेपाल - Bagmati Province, Nepal)

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना

(प्रथम पटक प्रकाशित मितिः- मितिः-२०७९/०३/३१)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७८/७९ च.नं. ३६३ को मितिः- २०७९/०३/२२ को पत्रानुसार यस कागेश्वरी मनोहरा नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**
   (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
   (ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
   (ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

२. **दरखास्त दिने स्थानः-** कागेश्वरी मनोहरा नगरपालिकाको कार्यालय, डाँछी काठमाडौं ।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०७९/०४/१३ गते कार्यालय समय भित्र (सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) ।

४. **आवेदनको दस्तुरः-** रु.५००।— (पाँच सय मात्र)

५. **छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु
   (क) नागरिकता
   (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   (ग) चारित्रिक प्रमाण पत्र
   (घ) काम संग सम्बन्धित अनुभव भए सोको प्रतिलिपिहरु
   (ङ) तालिमको प्रमाण पत्र
   (च) २ प्रति पासपोर्ट फोटो

७. **सेवा सुविधा तथा अन्यः-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ती सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ती सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np तथा कागेश्वरी मनोहरा नगरपालिकाको वेबसाइट **www.kageshworimanoharamun.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत